# खरको छाना विस्थापन तथा जस्तापाता खरिदको लागि अनुदान बितरण सम्बन्धि कार्यविधि, २०८१

बराहताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बड्डीचौर, सुर्खेत

कार्यपालिकाबाट पारित मिति: २०८१।१०।७

प्रमाणित गर्ने:

भिम बहादुर भण्डारी

अध्यक्ष

CamScanner

## खरको छाना विस्थापन तथा जस्तापाता खरिदको लागि

## अनुदान बितरण सम्बन्धि कार्यविधि, २०८१

प्रस्तावनाः बराहताल गाउँपालिकामा रहेका गरिव, असहाय, दलित, अपाङ्ग भएकापरिवारलाई जस्तापात वितरण गर्ने र खरको छानो विस्थापन गर्ने मुल उद्देश्यका बराहताद गाउँपालिकाले जस्तापाता खरिदकोलागि अनुदान वितरण गर्ने कार्यकम राखेको छ । बराहताल गाउँपालिका लाई समृद्ध र समुन्नत बनाउनका लागि यहाँका गरिव अल्पसंख्यक, दलितहरु लाई लक्षित जस्तापाता वितरणकार्यक्रम संचालन मार्फत जीवनस्तर सुधार गरि गाउँपालिकालाई समावेशी तथा समुन्नत पालिका वनाउने उद्देश्य लिएको छ ।गरिव असहाय, विस्तापित, द्वन्द पिडित, एकल महिला, विपद बाट विस्थापित जोसंग बस्नका लागि आवश्यक सुरक्षित घर समेत छैन र भएको घरपनि खरकोछानोले छाएको छ, त्यसलाई मध्यनजर गर्दै ति वर्ग समुदाय केन्द्रीत कार्यहरुअन्तर्गत तथ्यपुर्ण (यथार्थपरक, वास्तविक, र बैज्ञानिक मापदण्ड बनाई लागुगर्न मनासिंव देखिएकाले यो कार्यविधी वनाई लागु गरिएको छ । यो कार्यविधीकार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खरको छानो विस्थापन तथा जस्तापाता खरिदका लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि बराहताल गाउँकार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

### परिच्छेद २

### परिभाषा

२. परिभाषाःयस कार्य विधिमा अन्यथा व्यवस्था भएकोमा बाहेक

(क) लाभग्राहि भन्नाले बराहताल गाउँपालिकाबाट जस्तापाता प्राप्त गर्नेबराहताल गाउँपालिकामा बसोबास गर्ने गरिव, असहाय, विस्थापित जनसंख्या, द्वन्द पिडित, गरिव, पिडित व्यक्ति वा परिवारलाई सम्झनुपर्दछ ।

(ख) जस्तापाता भन्नाले गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अर्न्तगत रहि खरिद गरेको जस्तापाता र प्लेन सिटसमेतलाई जनाउछ,

(ग) असहाय भन्नाले कसैको संरक्षण नभएका आम्दानीको कुनै स्रोतनभएकालाई संम्झनु पर्नेछ।

CamScanner

(घ) द्वन्द पिडित भन्नाले विभिन्न समयमा द्वन्दमा परेका व्यक्ति जो घरवारविहिन भनि हाल सामान्य खरको छाना भएको घरमा बस्न बाध्य भएका व्यक्ति वा परिवार सम्झनु पर्दछ,

(ङ) विस्तापित जनसंख्या भन्नाले विपद बाढी पहिरो,भुकम्प,आगालागी आदि बाट विस्तापित भई आफ्नो मौलिक थाक थलो छोडि अस्थायीखरको छानो भएको बास बनाई बसेका व्यक्ति संम्झनु पर्दछ ।

(च) गरिव भन्नाले दैनिक जिविको पार्जन गर्नको लागि कुनै आम्दानी नभएका, बेरोजगारी भएको,दैनिक ज्यालादारी गरेर जिविकोपार्जनगर्ने व्यक्ति र परिवारलाई सम्झनु पर्दछ ।

(छ) पिडित भन्ताले आगो लागि पुन घर छाउन नसकेको , बाढीपहिरोले घरवार बिहिन भएका,भुकम्पबाट अति क्षति भएका,हावाहुरी लगाएत कुनै पनि विपद परेको व्यक्ति र परिवारलाईसम्झनु पर्दछ,

(ज) "लाभको पद" भन्नाले लाभको पद लिएको कुनै सरकारी निकायमा कामकाज गरि तलबसुविधा लिएको व्यक्ति सम्झनु पर्दछ, र सो शब्दले विदेश वा विदेशिसंघ संस्थामा कामकाज गरि रहेको वा पेन्सेन् खाने व्यक्ति समेतलाई बुझाउँदछ ।

(झ) वडा अध्यक्ष भन्नाले बराहताल गाउँपालिका वडा कार्यालयको अध्यक्षलाई संम्झनु पर्दछ,

(ञ) गाउँपालिका अध्यक्ष भन्नाले बराहताल गाउँपालिकाको अध्यक्ष लाई संम्झनु पर्दछ

(ट) उपाध्यक्ष भन्नाले बराहताल गाउँपालिकाका उपाध्यक्षलाई संम्झनुपर्दछ,

(ठ) प्रमुख प्रशासकीय अधिकृतभन्नाले बराहताल गाउँपालिकाका को प्रमुख प्रशासकीय अघिकृत लाईसंम्झनु पर्दछ,

(ड) गाउँपालिकाभन्नाले बराहताल गाउँपालिका संम्झनु पर्दछ,

(ढ) गाउँकार्यपालिका भन्नाले बराहताल गाउँकार्यपालिका सम्झनु पर्दछ ।

## परिच्छेद-३

## अनुदान रकम र अनुदान प्राप्त गर्न अपनाउने प्रकृया

३. जस्तापाता खरिद अनुदान सम्बन्धि व्यवस्थाः (१) बराहताल गाउँपालिकाले गाउँसभा मार्फत छुट्याईएको बजेट तथा केन्द्रसरकार वा प्रदेश सरकार र अन्य निकायबाट प्राप्त कुल रकमलाईगाउँसभाबाट आयोजना पारित गरि खरको छानो भएका बराहताल गाउँपालिका भित्रका व्यक्तिहरुकालागि चालिस हजार अनुदान प्रदान गरिने छ ।

(२) गाउँपालिकाले जस्तापाता प्राप्त गर्न अपनाउने प्रक्रियाः बराहताल गाउँपालिकाले असहाय गरिवलाई लक्षित गरि जस्तापाता खरिदकोलागि अनुदान बितरण गर्नेछ, वितरणका आधारहरु उल्लेखित हुनेछन् ।

(क) गाउँ सभावाट जस्तापाता खरिदका खरिदको लागि अनुदान वितरण प्रयोजनार्थ लागि वजेट विनियोजन गर्ने ।

(ख) नेपाल सरकार, कर्णाली प्रदेश सरकार, तथा अन्य साझेदार निकाय संगसमन्वय र साझेदारीमा एकमुष्ट रकमबाट जस्तापाता खरिद वितरणको लागि अनुदान वितरण कार्य अगाडि बढाउने ।

(ग) वडा कार्यालय बाट बास्तविक गरिव, असहाय,पिडित एकलमहिला,द्वन्द पिडित,विस्थापित व्यक्तिको सूचना संकलनको लागिनिर्देशन गर्ने ।

(घ) वडाबाट आएका लाभग्राहीको तथ्याङक संकलन गरि बास्तविक गरिव, असहाय, पिडित एकल महिला, द्वन्द पिडित,विस्थापितव्यक्तिको छानविन गरि सिफरिसका लागि वडा कार्यालयमा सरोकारवाला हरु संग छलफल गर्ने, लाभग्राहीको नामावली सहितको विवरण गाउँपालिका मा पेश गर्नुपर्नेछ।

(ङ) खरको छाना भएका बराहताल गाउँपालिकाका सम्पूर्ण लाभग्राहीले एक आर्थिक वर्ष भित्र जस्तापाता पाई सक्नेछन् ।

(च) वडागाउँपालिका कार्यालयबाट वितरण गरिएका जस्तापाताखरिदको लागि अनुदानहरुको अनुगमन वडा अध्यक्ष लगाएत को वडा समिति तथा बराहताल गाउँपालिकाबाट संयुक्त रुपमा गरिनेछ ।

(३) लाभग्राहीको प्राथमिकता को आधारहरु

(क) वडा समितिले सरोकारवाला समुहसगं को छलफल पछि लाभ ग्राहिको रुपमा सिफारिस गरेका व्यक्तिहरु ।

(ख) अत्यन्तै गरिब परिवार जस्को आम्दानीको कुनै श्रोत छैन।

(ग) कसैकोसंरक्षक नभएको वृद्ध/वृद्धा वा बालबालिका ।

(घ) कुनै विपद वा जोखिमबाट विस्तापित भएका खरको छानोमा बसेकापिडित परिवार ।विगतका विभिन्न द्वन्दबाट पिडित भई घरवारबिहिन भई सामान्य खरको छानो भएको र घर बनाई वसेकापरिवार ।

(ङ) एकल महिला जसको आम्दानीको श्रोत नभएका।

CS CamScanner

(च) दलितहरु, अल्पसंख्यक, सिमान्तकृत बर्गका परिवारहरु ।

५. लाभ ग्राहीमा नपर्ने व्यक्ति वापरिवारहरु

(क) ढुङ्गाको र जस्तापाताको घर भएका परिवारले जस्तापाता खरिदकोअनुदान पाउने छैनन्।

(ख) दुई वटा घर भएका एउटा खरको र अर्को जस्तापाता वा ढुङ्गाले छाएको घर भएका परिवार प्राथमिकिकरणमा अन्तिममा पर्नेछन् ।घर खरले र गोठ जस्तापाता वा ढुङ्गाले छाएका परिवार।

(ग) संगोलमा बसेर पनी जस्तापाता अनुदान पाउनका लागि छुट्टीएको हुँभन्ने व्यक्ति वा परिवार।

(घ) लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा) व्यक्तिवा परिवार ।

(ङ) पेन्सन सुविधा(स्वदेशविदेश) लिईरहेका घरपरिवार ।

(च) एक भन्दा बढी घर जिल्ला भित्र वा बाहिर समेत भएका परिवार (अन्यत्र पनि घर हुन भएन)।

(छ) कुनै व्यक्तिको दुई वटा घरभएमा दुवै घरमा खरको छाना भएमा एक घरको लागि जस्तापाता खरिदको लागि अनुदान उपलब्ध गराईनेछ ।

(ज) अन्य बिशेष परिस्थीमा अनुदानउपलब्ध गराउनुपर्ने भएमा कार्यपालिकाको बैठकले यस सम्बन्धी थप आवश्यक निर्णय गर्नसक्नेछ ।

६. लाभग्राहीले जस्तापाता प्राप्तगर्दा अपानाउने विधिः

(क) जस्तापाता प्राप्त गर्नका लागि लाभग्राहीले तपशिल बमोजिसको प्रक्रियापुरा गरि बराहताल गाउँपालिका वडा कार्यालयमा अनुसूची १ बमजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(ख) वडाकार्यालयले वडा संकलन भएका निवेदनहरुको विवरण सहितको आवश्यक कागजात वडा समितिको निर्णय सहित बराहताल गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

(ग) वडा कार्यालयबाट प्राप्त भएका निवेदन सहिंतको विवरण तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।अनुदान प्राप्त गर्ने लाभग्राहीको छनौट गाउँ कार्यपालिकाले गर्नेछ ।

(घ) गाउँकार्यपालिकाको बैठकबाट निर्णय भैसकेपछी लाभग्राही छनौटको सूची र सम्झौता गर्न आउने बारेको कम्तिमा ७ दिनको अवधि दिइ सूचना प्रकाशन गरीनेछ ।

(ङ) छनौट भएका लाभग्राही र कार्यलय बीच अनुसूची २ बमोजिमको कबुलियतिनामा/ सम्झौता गर्नुपर्नेछ ।

CamScanner

(च)सम्झौतामा हस्ताक्षर भैसकेपछी पहिलो किस्ता पेश्की वापत सम्बन्धित लाभग्राहीको बैंक खातामा भुक्तानी दिइनेछ ।अन्तिम किस्ता कार्यसम्पन्न प्रतिवेदन प्राप्त भैसकेपछी भुक्तानी गरिनेछ ।

(छ) लाभ ग्राही आफुले जस्तापाता लगाउने घरको फोटा, वडा कार्यालयले गरेको गरिव असाहय, द्वन्द पिडित, जेष्ठ नागरिक अपाङ्गको सिफारिसको प्रतिलिपि, वडा कार्यलयले पहिचान गरि निर्णय गरेका लाभग्राहीहरु को नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, प्राविधिक मुल्याङ्कन पश्चात नापजाँच भएको यथार्थ तथ्याङक सहितको प्राविधिक सिफारिस, कति दिनभित्र लाभग्राहीले जस्तापाता लगाउनसक्ने हो सो को कवुलियत नामा,जस्ता पाता खरिदको लागि अनुदान गाउँपालिका कार्यलय बाट प्राप्त गर्न सकिनेछ, पालिका कार्यालयबाट प्राप्त गर्ने अनुदानलेजस्तापाता बाहेक अन्य सामाग्रि(किला काटि काठ र घर छाउनकालागि लाग्ने अन्य सामान) स्वयं लाभग्राहिले व्यबस्था गर्नु पर्नेछ ।

(ज) जस्तापाता प्राप्त अनुदान माग गर्ने लाभग्राहिले माग गरेको आधारमाहोइन कि “प्राविधिकले, सिफारिस गरेको (संख्या र वर्ग मिटरका)आधारमा आवश्यक जस्तापाताको अनुदान मात्र पाउनेछन ।

(झ) जस्तापाता अनुदान प्राप्त गर्ने लाभग्राहिलाइ वितरण गरेकोजस्तापाताको अनुदानको अभिलेख अनुसुचि ३ बमोजिमको ढाँचामाराखु पर्नेछ ।

७. जस्तापाता अनुदान प्राप्त गर्ने लाभग्राही बाट जस्तापाता खरिदको अनुदान फिर्ता गर्न सकिनेः तपशिलका आधारमा भेटिएमा जस्तापाता प्राप्त गर्ने लाभग्राहीबाट बराहताल गाउँपालिका वडा कार्यालयहरुले जस्तापाता खरिदको अनुदान फिर्ता गर्नसक्नेछन ।

(क)जस्ता पाता खरिदको अनुदान प्राप्त गर्दा गरिएको कवुलियतनामा मा उल्लेखित मिति र समय भित्र कार्य सम्पन्न गर्नु पर्नेछ, अन्यथावडा कार्यालयले फिर्ता गर्नेछ ।

(ख) कुलियतनामा उल्लेखित समयभित्र कार्य सम्पन्न गर्न नसक्नेउचित कारण भएमा गाउँपालिकामा लिखित रुपमा निवेदन पेशगर्नुपर्नेछ, लिखित कारण औचित्यपुर्ण भएको गाउँकार्यपालिकालेठहर गरेमा एक पटकलाई बढिमा १ महिना कार्य सम्पन्नका लागिसमय उपलव्ध गराउनेछ ।

(ग) समय सिमा भित्र कार्यसम्पन्न पनि नगर्ने उचित कारण पिपेशनगर्ने लाभग्राहीबाट जस्तापाता अनुदान गाउँपालिकाले फिर्तागर्नेछ ।

CamScanner

(घ) खरको छाना भनि ढाटेर जस्तापाता अनुदान प्राप्त गरेका वाजस्तापातालाई घर भन्दा अन्य प्रयोजनका लागि प्रयोग गरेकोपाइएमा ति व्यक्ति वा परिवारबाट प्राप्त गरेको जस्तापाता गाउँ कार्यपालिकाको कार्यालयले फिर्ता गर्नेछ ।

(ङ) स्वयम् खरिद गराएको जस्तापाताको सुरक्षा गर्ने जिम्वेबारी स्वयमव्यक्तिले लिनुपर्ने छ र सम्झौता गरेको जस्तापाता ३ महिनाभित्र छानाछाईसक्नु पर्नेछ, अन्यथा गाउँ कार्यपालिकाको कार्यालयहरुले जस्तापाता खरिदकोलागि प्रदान गरेको अनुदान फिर्ता लिनेछ, साथै यसरी फिर्ता भएपश्चात पुनः जस्तापाता अनुदान उपलब्ध गराईनेछैन ।

८.खारेजी र बचाऊः यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम हुनेछ । अन्यकार्यविधि कार्यन्वयनको क्रममा कुनै दुबिधा उत्पन्न भएमा अन्तिम व्याख्यागर्ने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

(अनुसुची १)

दफा ६ (क) संग सम्बन्धित

श्री वडा अध्यक्ष ज्यू ।

......नं वडा कार्यालय

बराहताल गाउँपालिका सुर्खेत ।

विषयः जस्तापाता खरिदको लागि अनुदान उपलब्धगराई पाउँ भन्ने बारेमा ।

प्रस्तुत विषयमा बराहताल गाउपालिकाको खरको छानो बिस्थापन कार्यक्रमअन्तर्गत बराहताल गाउपालिका गाउँ कार्यपालिकाको मिति ........................ प्रकाशित सूचना बमोजिम मेरो बराहताल गाउँपालिका वडा नं..........मा..................... को नाममा/भोग चलनमा रहेको जग्गामा रहेको घर हालसम्म खरको छाना रहेकोले उक्त छानोलाई जस्तापाताले छाउनका लागि आवश्यक जस्तापाता उपलब्ध गराइदिनुहुन तपसिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

निवेदक

हस्ताक्षरः

नामथरः

ठेगानाः

मोबाइल नः

तपसिल

१. नागरिकताको प्रतिलिपी
२. पासपोर्ट साइजको फोटो -२ प्रति
३. तिरो तिरेको रसिद
४. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी (लालपूर्जा नभएको हकमा बसोबास प्रमाणित)

CamScanner

अनुसूची २

**कवबुलियतनामा/ सम्झौता पत्र**

बराहताल गाउपालिका वडा कार्यालय,वडा नं.........................................(जसलाई यस पछि प्रथम पक्ष भनिनेछ श्री ...............................बराहतालगाउँपालिका वडा नं ............ साविक..........गा.वि.स...............नं पालनागर्ने गरि बराहताल गाउँपालिकाको वडा नं कार्यालय............ वसि निम्न शर्तहरुपालना गर्ने गरी दुबै वीच निम्न शर्तहरुको पूर्ण रुपमापालना गर्ने गरि बराहताल गाउँपालिकाको वडा नं कार्यालय ............. वसिनिम्न शर्तहरु पालना गर्ने गरी हामीदुवै पक्ष मञ्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौं, लियौं ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान वमोजिमको जस्तापाता र प्लेनसिट खरिदको लागि रु ४००००। चालिस हजार मात्रअनुदान उपलव्ध गराउने छ ।
२. जस्तापाता खरिदको अनुदान २ दुई किस्तामा उपलब्ध गराइने छ प्रथमकिस्ता वापत रु२५०००। सम्झौता भएपश्चात (कार्यपालिकाबाट छनौट भएको निर्णय, सम्झौता पत्र र वडा कार्यालयको सिफारिस संलग्न गरी ) र दोस्रो किस्ता वापत बाँकी रकम रु १५०००।-(पन्ध्र हजार) निर्माण सम्पन्न भएपछी उपलब्ध गराइने छ ।खरिद अनुदान रकम सम्बन्धितलाभग्राहीको बैंक खातामा उपलब्ध गराइने छ ।
३. दोस्रो पक्षले अनिवार्यरुपमा बडा कार्यालयको प्राथमिकिकरण तथां स्विकृतनिर्णयको सिफारिस प्रतिलिपि र नागरिकताको प्रतिलिपी सम्लग्नगरि निवेदन पेश गर्नु पर्नेछ ।
४. दोस्रो पक्षको लागि पहिलो पक्षले एक घरको लागि मात्र जस्ता पाताअनुदान उपलव्ध गराउने छ यदि कुनै कारणवस एकै व्यक्तिले फरकविवरण पेश गरि दुइ पटक जस्ता पाता अनुदान लगेमा त्यस कुराकोजानकारी प्रास भएमा सोही मांजा व्यक्तिले सम्वन्धितवडा वडा कार्यालयमाजस्तापाता अनुदान फिर्ता गर्नुपर्ने छ ।
५. पहिलो पक्षबाट उपलव्ध गराइएको जस्तापाताको अनुदानबाट खरिदभएको जस्ताको सुरक्षा गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ भने यसरीप्रास गरेका अनुदानबाट अनिवार्य रुपमा प्रास गरेको मिति देखि ३ महिनाभित्र छाना छाइसक्नु पर्ने छ ।
६. कार्यालयले दिने अनुदानबाट जस्तापाता र प्लेन सिट बाहेक घर छाउनप्रयोग हुने सामाग्रिहरु(किला,काटि काठ र अन्य आवश्यक सामाग्री) स्वयंलाभग्राहिले व्यहोर्नु पर्नेछ ।

CamScanner

७. जस्तापाता प्राप्त गर्ने व्यक्ति वा परिवारले प्राप्त गरेको जस्तापाता अनुदानघर छाउने प्रयोजन बाहेक अन्य कार्यका लागि उपयोग गर्न पाउने छैन ।

८. जस्तापाता प्राप्त गर्ने व्यक्ति वा परिवारले जस्तापाता पाउने निवेदनकासाथ खरको छाना स्पष्ट देखिने वा घर छाउन बाँकी रहेको घरको फोटाअनिबार्य राख्नु पर्नेछ । उपरोक्त बमोजिम गर्न गराउन हामी दुबै पक्षको मञ्जुरी छ ।

<u>लाभग्राहिको तर्फबाट</u>

दस्तखतः–

घरमुली/प्रतिनिधिको नामः

ठेगानाः

मितिः २०..... ।

दस्तखतः–

<u>कार्यालयको तर्फबाट</u>

दस्तखतः–

कर्मचारीको नाम थरः

पदः–

मितिः– २०...... ।

कार्यालय छापः–

<u>रोहवर</u>

श्री..............................

योजना तथा अनुगमन शाखा

श्री..................................

प्राविधिक शाखा

CS CamScanner

अनुसूची३

दफा ६ (ढ) संग सम्बन्धित

खरको छानो विस्थापन तथा जस्ता पाता खरिदका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको विवरण

| सि नं | लाभग्राहो नाम | ठेगाना | लाभग्राहीको बाबुको नाम | लाभग्राहीको बाजेको नाम | सम्झौता मिति | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

आज्ञाले

प्रेम बहादुर डि.सी.

प्रमुख प्रशासकीय अधिकृत

CamScanner